# सुन्दरहरैंचा नगरपालिका
SUNDARHARAINCHA MUNICIPALITY
## नगर कार्यपालिकाको कार्यालय
Office of Municipal Executive
विराटचौक, मोरङ
Biratchowk, Morang
कोशी प्रदेश, नेपाल
Koshi Province, Nepal


F/Y प.सं. ०८०/०८१
Ref/ च.नं.

मितिः २०८०/१२/२१

**सिपमुलक तालिमको लागि आवेदन फारम भर्ने सूचना**

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश, विराटनगरद्वारा मिति २०८० चैत्र १९ गते प्रकाशित सूचना अनुसार उक्त मन्त्रालयको आ.व. २०८०/०८१ का लागि स्विकृत स्वरोजगारमुलक जिविकोपार्जन सम्बन्धी कार्यक्रम अन्तर्गत संचालन हुने आवासीय सीपमुलक तालिम निशुल्क लिई स्वरोजगार हुन ईच्छुक योग्यता पुगेका विपन्न व्यक्तिहरुले यसै सूचनामा संलग्न गरे बमोजिमको फारम भरी मिति २०८०/१२/२५ गते तोकिएको स्थानमा कार्यालय समयभित्र आवेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ। साथै आन्तरिक मामिला तथा कानुन मन्त्रालय, कोशी प्रदेश, विराटनगरको मिति २०८०/१२/१९ गते प्रकाशित सूचना र आवेदन फारम यसै सूचनामा संलग्न गरिएको व्यहोरा समेत जानकारी गराइन्छ।

प्रमुख प्रशासकीय अधिकृत


"सुन्दरहरैँचाको पहिचान : समृद्धि र सुशासन"
Phone No.:- 021-545050, 545822,546822, Fax: - 021-545822, Fire Brigade: -021-545666, 021-546666
Website: www.sundarharaichamun.gov.np, Email: sundarharaichamun@gmail.com

प्रदेश सरकार

# आन्तरिक मामिला तथा कानून मन्त्रालय

कोशी प्रदेश, विराटनगर, नेपाल

## सीपमुलक तालिमको लागि आवेदन फारम भर्ने सुचना

प्रकाशित मितिः २०८०/१२/१९

यस मन्त्रालयको आ.ब. २०८०/०८१ को लागि स्वीकृत स्वरोजगारमुलक जिविकोपार्जन सम्बन्धि कार्यक्रम अन्तर्गत सञ्चालन हुने आबासीय सीपमुलक तालिम निशुल्क लिई स्वरोजगार हुन ईच्छुक तपसिल बमोजिमको योग्यता पुगेका विपन्न व्यक्तिहरुले तोकिए बमोजिमको फारम भरी मिति २०८०/१२/२५ गते कार्यालय समयभित्र आवेदन पेश गर्नु हुन यो सुचना पेश गरिएको छ । म्याद नाघी आएको र रित नपुगेको आवेदन उपर कुनै कारबाही हुने छैन ।

तपसिलः

१. तालिमको बिषयः

| तालिमको नाम | सिट संख्या | तालिम अबधि | आवेदन फारम पाइने स्थान | आवेदन फारम पेश गर्ने स्थान |
|---|---|---|---|---|
| A/C Freeze Technician | २० जना | ६० दिन | मन्त्रालयको वेव साइट www.moial.koshi.gov.np र प्रत्येक जिल्लाको शिक्षा विकास समन्वय ईकाइमा रहेका हामी स्वयमसेवी अभियानका जिल्ला संयोजक । | आन्तरीक मामिला तथ कानून मन्त्रालय र प्रत्येक जिल्लाको शिक्षा विकास समन्वय ईकाइमा रहेका हामी स्वयमसेवी अभियानका जिल्ला संयोजक । |
| Boutique | २० जना | ६० दिन | | |
| Electrician | २० जना | ६० दिन | | |
| General Cook | २० जना | ६० दिन | | |
| Tile & Marble | २० जना | ६० दिन | | |

२. तालिम लिन ईच्छुक आवेदकले पालना गर्नु पर्ने शर्त तथा पेश गर्नुपर्ने कागजातहरुः

क) नेपाली नागरिकताको प्रतिलिपी,

ख) १६ बर्ष पुरा भई ४० बर्ष ननाघेको,

ग) कोशी प्रदेश भित्रको स्थायी बासिन्दा भएको,

घ) आवेदक विपन्न नागरिक भएको सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र,

ङ) आवेदन फारममा कम्तीमा ३ वटा तालिमको प्राथमिकता पेश गरेको,

च) सम्बन्धित विषयको तालिम विगतमा नलिएको,

छ) स्वरोजगारमूलक व्यवसाय र उद्यम गर्न चाहना र रुची भएको वा स्वरोजगारमूलक व्यवसाय वा उद्यम गरिरहेको, गर्न सक्ने चाहना र रुची भएको वा स्वरोजगार वा उद्यम गरिरहेको,

ज) दलित, द्वन्द्व पीडित, सीमान्तकृत, अल्पसङ्ख्यक समुदाय अन्तर्गत पर्ने व्यक्ति।

३. तालिम शुरु हुने मिति पछि जानकारी गराइने छ ।

प्रदेश सरकार

# आन्तरिक मामिला तथा कानून मन्त्रालय,

कोशी प्रदेश, विराटनगर

आवेदकको हालसालै खिचेको फोटो

## सीपमुलक तालिमका लागि आवेदनन फारम

१. नामथर (नेपालीमा).......................

२. नामथर (अंग्रेजीमा).....................

३. लिङ्ग............

४. स्थायी ठेगानाः जिल्ला........................... न.पा./गा.पा................................ वडा नं. ........... टोलः ............. सम्पर्क नं......................

५. जन्म मिति .....................

६. बुबाको नाम............................................. आमाको नाम........................................

७. शैक्षिक योग्यता................

८. यस अघि तालिम लिएको भए: विषय................................ तालिमको अवधि............. तालिम दिने संस्था.....................

९. तालिम लिन चाहेको विषयमा कोष्ठभित्र १,२,३,४,५ प्राथमिकता निर्धारण गर्नुहोस् ।

क. AC Freeze Technician ☐ ख. Boutique ☐

ग. Electrician ☐ घ. General Cook ☐

ङ. Tile & Marble ☐

१०. तालिम लिन चाहनुको उद्देश्य................

आवेदकको हस्ताक्षरः...............

<u>सहीछाप</u>

| दायाँ | बायाँ |
|---|---|
| | |